आज मिति २०७६।१२।१२ गते प्रमुख जिल्ला अधिकारी श्री यज्ञराज वोहराज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा वसेको वैठकबाट निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| अध्यक्ष | प्र.जि.अ. | श्री यज्ञराज वोहरा |
| सदस्य | प्र.सेनानी | श्री विकाश के.सी. |
| " | प्र.उपरीक्षक | श्री सुदिप गिरी |
| " | स.प्र.उ. | श्री कमल प्रसाद तिउसिना |
| " | उप.अ.नि. | श्री विकास पाण्डे |
| सदस्य-सचिव | स.प्र.जि.अ | श्री मोहनराज जोशी |

**निर्णय नं .१** जिल्लामा कोभिड १९ नियन्त्रण रोकथाम व्यवस्थापनको लागि जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीहरु सहित निम्न पदाधिकारीहरु समेत रहने कमाण्ड पोष्ट गठन गर्ने निर्णय गरियो ।

**निम्न**

१. प्रमुख प्रशासकीय अधिकृत ध.उ.म.न.पा., सदस्य
२. स्वास्थ्य कार्यालय कैलालीका प्रमुख, श्री लाल वहादुर धामी, सदस्य
३. सेती प्रादेशिक अस्पतालका डा. जगशदिश जोशी, सदस्य
४. जिल्ला प्रशासन कार्यालय कैलालीका प्रशासकिय अधिकृत शिवराज जोशी, सदस्य – सचिव

**निर्णय नं २.**

जिल्लामा कोभिड १९ संक्रमण नियन्त्रण र व्यवस्थापनको लागि गठित जिल्ला कमाण्ड पोष्टलाई आवश्यक सहयोग गर्नका लागि देहायबमोजिमको कार्य गर्ने गरी तपसिल बमोजिमको एकिकृत समन्वय समिति गठन गर्ने ।

**तपसिल:**

प्र.अ. - जिल्ला प्रशासन कार्यालय — संयोजक
अधिकृत : भवानीदल गण तेघरी — सदस्य
अधिकृत : जिल्ला प्रहरी कार्यालय — सदस्य
अधिकृत : ससस्त्र प्रहरीबल नेपाल ३४ नं गण — सदस्य
अधिकृत : राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय — सदस्य
अधिकृत : धनगढी उपमहानगरपालिका कैलाली — सदस्य
अधिकृत : स्वास्थ्य कार्यालय कैलाली — सदस्य

**कार्यजिम्मेवारी :**

१. कोभिड १९ सम्बन्धी जिल्लामा भएका सबै गतिविधिको सूचना संकलन गर्ने ।
२. अत्यावश्यक सवारी साधन आवतजावतमा सहजीकरण गर्ने र नगरी नहुने अवस्थामा मात्र पास जारी गर्ने ।
३. कोभिड १९ सम्बन्धी एकीकृत विवरण तयार गर्ने ।
४. मन्त्रालय विभाग र आवश्यक अन्य निकाय लगायत कमाण्ड पोष्टलाई रिर्पोटिङ गर्ने ।

Scanned with CamScanner

५. सुरक्षा निकायले गरेका कोभिड १९ सम्बन्धी गतिविधि सम्बन्धमा सूचना आदान-प्रदान गर्ने ।
६. आवश्यकता अनुसार कमाण्ड पोष्टले निर्देशन गरेका अन्य कार्य गर्ने ।
७. आदेश जारी भई कार्यान्वयनमा रहेको अवस्थामा अत्यावश्यक सेवाको लागि र सर्वसाधारण हरुलाई पनि नगदको आवश्यक पर्ने भएकोले जिल्लामा भएका बैंकहरुलाई निश्चित समयको लागि न्यूनतम कर्मचारी परिचालन गरी बैंकीङ सेवा र ए.टी.एम. सेवा आवश्यक स्वास्थ्य सुरक्षा समेतको प्रवन्ध गरी सेवा संचालन गर्न सम्बन्धितलाई जानकारी गराई सो को लागि सवारी आदानप्रदान र अन्य सहजिकरण समन्वय समितिले गर्ने ।
८. समन्वय समितिले सवारी आवागमनमा कुटनितिक उन्मुक्ति तथा सुविधा प्राप्त निकाय, स्वास्थ्य कर्मि औषधि उपचार विक्रेता प्रेस पास प्राप्त संचारकर्मि अत्यावश्यक भएका अन्यलाई आवागमनमा सहजीकरण गर्ने ।
९. आदेश जारी भई कार्यान्वयनमा रहेको अवस्थामा तहाँबाट प्रदान गरीने सवारी पासलाई रजिष्ट्ररमा दर्ता/चलानी कायम गरी संकेन नम्बर समेत पासमा उल्लेख गर्ने, रातो मसीले दस्तखत गर्ने, दस्तखत गर्ने पदाधिकारीको नाम, थर र दर्जा उल्लेख गर्ने, पासको अवधि र रुट वा क्षेत्र स्पष्ट उल्लेख गर्ने व्यवस्था मिलाउने । साथै पास दिने ठाउँमा अत्यधिक भिड भएको, मास्क नलगाएका व्यक्तिहरुको भिडभाड बढेको भन्ने गुनासो प्राप्त भएकोले यसलाई गम्भीरतापूर्वक लिई भिडभाडको कारण उत्पन्न हुनसक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी उपयुक्त व्यवस्थापन गर्ने ।

Scanned with CamScanner